नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

फोन नं.: ०१-५३६२३६९, ०१-५९१२९७१
इमेल: info@dftqc.gov.np
वेभपेज: www.dftqc.gov.np
बबरमहल, काठमाडौं ।

पत्र संख्या:-
च. नं.:-
प्राप्त पत्र संख्या र मिति:-

मितिः २०८३/०६/२३

## पूजा, होम, हवन तथा दीप प्रज्वलनको लागि तयार गरिने चिल्लो पदार्थलाई घिउको रूपमा उत्पादन तथा बिक्री वितरणमा प्रतिवन्ध सम्बन्धी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सूचना

१. बजार सर्भिलेन्स तथा उपभोक्ताहरूबाट विभागमा प्राप्त गुनासो एवं जानकारी अनुसार केही खाद्य व्यवसायी तथा उत्पादन ईकाइले वनस्पति घिउ, बेकरी सर्टेनिङ, परिष्कृत घिउ तथा तेल, बासना, प्याराफिन, खनिज तेल तथा अन्य रासायनिक पदार्थसँग चिल्लो पदार्थ मिसाएर पूजा, होम, हवन तथा दीप प्रज्वलन लगायतका प्रयोजनका लागि उत्पादन तथा बिक्री वितरण गरिरहेको र यस्ता उत्पादनको स्वरूप, रङ्ग, गन्ध, प्याकेजिङ तथा प्रस्तुतिको शैली बजारमा उपलब्ध खाद्य घिउसँग मिल्दोजुल्दो हुने भएकाले उपभोक्ताले झुक्किएर त्यस्ता उत्पादनलाई आफ्नो खानपानमा समेत प्रयोग गर्ने गरेको र गर्न सक्ने सम्भावना समेत रहेको कारणले विभागबाट खाद्य उद्योगको अनुमतिपत्र लिएका उत्पादकले त्यस्ता चिल्लो पदार्थ उत्पादन तथा बिक्री वितरण नगर्न/नगराउन जानकारी गराइन्छ।

२. नेपाल सरकारले घिउ, वनस्पति घिउ तथा बेकरी सर्टेनिङको मापदण्ड खाद्य प्रयोजनको लागि तोकेकोले पूजा, होम, हवन तथा दीप प्रज्वलनको लागि तयार गरिएको चिल्लो पदार्थलाई कुनै प्रकारको खाद्य घिउ वा बेकरी सर्टेनिङ वा पूजा घिउको रुपमा उत्पादन, भण्डारण तथा बिक्री वितरण गर्न प्रतिवन्ध लगाइएको छ।

३. कसैले पूजा, होम, हवन तथा दीप प्रज्वलनका लागि चिल्लो पदार्थ उत्पादन तथा बिक्री वितरण गरेमा लेवलको अग्र भागमा "खानको लागि होइन" भन्ने उल्लेख गरी कालो क्रस [X] चिह्न स्पष्ट रुपमा ठूलो फन्टमा राख्नु पर्नेछ। साथै, सो पदार्थमा घिउ, बेकरी सर्टेनिङ वा वनस्पति घिउ जस्ता शब्द लेवलमा उल्लेख गर्न पाइने छैन।

४. खाद्य घिउ, वनस्पति घिउ वा बेकरी सर्टेनिङमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिमको लेवल विवरण अनिवार्य रूपमा उल्लेख गरी उत्पादन तथा बिक्री वितरण गर्नुपर्नेछ।

यस व्यवस्थाबाट खाद्य तथा अखाद्य उत्पादनबीच मिश्रण हुने, मिसावट गरिने, गलत लेवल लगाइने तथा गैह्र-खाद्य उत्पादन खाद्य आपूर्ति शृंखलामा प्रवेश गर्ने सम्भावनालाई रोक्न मद्दत पुग्ने हुँदा कसैले माथिका आदेश विपरीत कार्य गरे/गराएमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही हुने व्यहोरा सबैमा जानकारी गराइन्छ।

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत